नेपाल सरकार
अर्थ मन्त्रालय

# प्रेस विज्ञप्ति

आज मिति २०७८/०४/३२ गते सोमवार माननीय अर्थमन्त्री जनार्दन शर्मा "प्रभाकर" ज्यूको समुपस्थितिमा अर्थ मन्त्रालयको आर्थिक बर्ष २०७७/७८ को वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो। उक्त अवसरमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, नेपाल राष्ट्र बैंकका गभर्नर र अर्थ मन्त्रालयका सचिव लगायत महाशाखा प्रमुखहरु, विभागीय प्रमुखहरु, नियमनकारी निकाय एवं आयोजना प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

उक्त बैठकमा माननीय अर्थमन्त्रीले समीक्षाको लागी समीक्षा नभई उचित परिणाम देख्न सक्ने, जनताले प्रत्यक्ष राहत र अनुभुति महशुस गर्न सक्ने गरि कार्य गर्न निर्देशन दिनुभयो। साथै, अर्थ मन्त्रालयले लिने लक्ष्यले समृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्न महत्वपूर्ण आधार निर्माण गर्ने भएकोले आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न आवश्यक लक्ष्य तय गरी कार्य गर्नु पर्ने विचार व्यक्त गर्नु भयो। प्राप्त स्रोतको सहि परिचालन गरी प्रतिफलयुक्त बनाई त्यसको लाभ गरिब र सीमान्तकृत समूहमा पुऱ्याउनु आजको प्रमुख चुनौती रहेको कुरा राख्नु भयो। त्यसैगरी, राज्यको स्रोतको उपयोग सबैभन्दा कमजोर वर्गले गर्न पाएमा मात्र सामाजिक न्याय कायम हुने भएकोले सो तर्फ मन्त्रालय र मातहत निकायलाई गम्भिर हुन निर्देशन दिनु भयो। कोभिड-१९ महामारीको विषम परिस्थितिमा राहत तथा सहुलियत कार्यक्रम प्रदान गर्दै जान सहि र यथार्थपरक तथ्याङ्क आवश्यक भएकोले तथ्याङ्क व्यवस्थापन गर्न निर्देशन दिनु भयो। वर्तमान संकटलाई अवसरको रुपमा लिई आर्थिक समृद्धिका लागि कार्यप्रणाली र सेवा प्रवाहमा सुधार गर्दै जानुपर्ने आवश्यकता रहेको औल्याउनु भयो।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षले थप राजस्व परिचालनका लागि भन्सार सुधार, मुल्य अभिवृद्धि करमा देखिएका समस्याहरुको सम्बोधन गर्नुका साथै प्राकृतिक स्रोतमा आधारित आयको स्रोत पहिचान गर्दै जानुपर्ने विचार व्यक्त गर्नु भयो। साथै, स्थानीय तहमा वित्तीय सुशासन प्रवर्द्धन गर्न अर्थ मन्त्रालयले थप सहयोग गर्नुपर्ने तथा आय असमानता घटाउन नीतिगत सुधार गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

नेपाल राष्ट्र बैंकका गभर्नरले कोभिड-१९ बाट अर्थतन्त्रमा परेको प्रतिकूल अवस्थालाई सम्बोधन गर्ने गरी मौद्रिक नीति जारी गरिएको हुँदा सो को प्रभावकारी कार्यान्वयनका लागि सबैको सहयोग प्राप्त हुने विचार राख्नु भयो।

उक्त कार्यक्रममा मन्त्रालयका सचिवले मन्त्रालय मातहतका निकायलाई प्राप्त प्रगतिका लागि धन्यवाद दिनु हुँदै चालु वर्षमा तोकिएको लक्ष्य हासिल गर्ने गरी कार्य गर्न निर्देशन दिनुभयो।

साउन ३२, २०७८
अर्थ मन्त्रालय, सिंहदरवार।

(महेश आचार्य)
सहसचिव/प्रवक्ता